# माछापुच्छ्रे बैंक लिमिटेडको
# उन्नाईसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७४/०७/२२ मा बसेको सञ्चालक समितिको ३६० औं वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको उन्नाईसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

**मिति** : २०७४ साल मंसिर १५ गते (तदनुसार १ डिसेम्बर, २०१७), शुक्रबार ।
**समय** : विहान ११:०० बजे
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | श्री रोशन के.सी. | - | अध्यक्ष |
| (ख) | श्री गोपीकृष्ण न्यौपाने | - | सञ्चालक/लेखापरिक्षण समितिका संयोजक |
| (ग) | श्री जय मुकुन्द खनाल | - | सञ्चालक |
| (घ) | श्री राममान श्रेष्ठ | - | सञ्चालक |
| (ङ) | श्री विश्व प्रकाश गौतम | - | सञ्चालक |
| (च) | श्री ओमेश लाल श्रेष्ठ | - | सञ्चालक |

**पदाधिकारीहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | श्री निरज कुमार श्रेष्ठ | - | प्रमुख कार्यकारी अधिकृत |
| (ख) | श्री अर्जुन थापा | - | नायव महाप्रबन्धक |
| (ग) | श्री सन्तोष कोईराला | - | नायव महाप्रबन्धक |
| (घ) | श्री सर्जुकुमार थापा | - | सहायक महाप्रबन्धक |
| (ङ) | श्री टिका भट्टराई | - | कम्पनी सचिव |
| (च) | श्री सुभाष जमरकट्टेल | - | वित्त तथा योजना विभाग प्रमुख |
| (छ) | श्री ईश्वर बहादुर रावल | - | प्रशासन प्रमुख |

**आमन्त्रितहरूको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | श्री शशी सत्याल | - | टि.आर. उपाध्या एण्ड कम्पनी, लेखापरिक्षक |
| (ख) | श्री बालकृष्ण ढकाल | - | कानूनी सल्लाहकार |

**शेयरधनीहरुको उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ३३३ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ११६ जना |
| | **जम्मा उपस्थिती** | - | **४४९ जना** |



Machhapuchchhre Bank Ltd. Corporate Office

४. **सभाको सुचना :**

उन्नाईसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.ब. २०७३/७४ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरीने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७४ कार्तिक २४ गतेको कारोबार दैनिकमा प्रकाशित गरिएको थियो भने सो पछि मिति २०७४ कार्तिक २५ गतेको नयाँ पत्रिका दैनिक र मिति २०७४ मंसिर ११ गतेको आर्थिक अभियान दैनिकमा सूचना प्रकाशित गरिएको थियो । यसै गरी उन्नाईसौं बार्षिक साधारण सभा सम्बन्धि सूचना मिति २०७४ कार्तिक २९, मंसिर ७ र मंसिर १४ गते पोखराबाट प्रकाशित हुने क्रमसः समाधान, हिमदुत र आदर्श समाज दैनिक पत्रिकाहरुबाट समेत प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सुचित गरिएको थियो । बैंकमा शेयरधनीहरुको मोवाईल नम्बर उपलब्ध भएसम्मसाधारण सभाको जानकारी बैंकले SMS मार्फत समेत दिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताब :**

१. आर्थिक वर्ष २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने,

३. आर्थिक वर्ष २०७४/७५ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, (वर्तमान लेखापरीक्षक टि.आर. उपाध्या एण्ड कम्पनी लगातार तीन पटक बैंकको लेखा परीक्षक रहनु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) बमोजिम पुनः नियुक्त हुन सक्ने छैन), र

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु. ४४,३४,३२,६४०.०० (अर्थात चुक्ता पूँजीको ६.०० प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) प्रदान गर्न स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ६६,५१,४९,०००.०० (अर्थात चुक्ता पूँजीको ९.०० प्रतिशतका दरले) वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने,

२. बैंकले आर्थिक वर्ष २०७३/७४ मा आर्थिक सहायता प्रदान गर्दा कम्पनी एने, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले ताकेको सिमा नाघको हुँदा सो अन्तर्गत भएको खर्च रु. ११,६९,४३७.४९ अनुमोदन गर्ने ।

३. निम्न विषयहरुका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,



Machhapuchchhre Bank Ltd. Corporate Office

(क) विशेष प्रस्ताव नं. १ बमोजिम जारि गरिने बोनस शेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,

(ख) बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार नियमनकारी निकायको स्वीकृति लिई बैंकले आफैं वा कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासंग संयुक्त लगानीमा वा सञ्चालनमा रहेको कुनै कम्पनीको पूरै वा आंशिक शेयर खरिद गरी वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेञ्चर क्यापिटल/प्राईभेट ईक्विटी/ हेज फण्ड, क्रेडिट रेटिङ्ग, धितोपत्र दलाल (स्टक ब्रोकर), धितोपत्र बजार (स्टक एक्स्चेञ्ज), मर्चेण्ट बैंकिङ्ग, वित्तिय प्रविधि (फिण्टेक) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने व्यवस्था थप गर्ने,

(ग) बैंक तथा अन्य प्रतिष्ठानहरुका कामदार/ कर्मचारीहरुको कल्याण र हित तथा सो सम्बन्धी कामको लागि संचय कोष, उपदान कोष, निवृत्तिभरण कोष र अन्य आवश्यक वा उपयुक्त कोषहरुको स्थापना तथा व्यवस्थापन गर्ने । साथै त्यस्तो कोषको व्यवस्थाका लागि आवश्यक सहजता प्रदान गर्ने ।

(घ) सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालक लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने व्यवस्थालाई संशोधन गरी बैंकको कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक लगातार दुई कार्यकाल सम्म मात्र रहन सक्ने व्यवस्था कायम गर्ने ।

**ग. विविध :** (विविध अन्तर्गत केही विषय नभएको)

६. **गणपुरक संख्या, सभाको बैधानिकता :**

| कुल शेयधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ४२,८४० (क-ख समुह) | ४४९ (स्वयं ३३३ जना र प्रतिनिधिपत्रद्धारा ११६ जना) | ४,७८,७८,००५ | ६४.७८% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धि सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा ५० प्रतिशतभन्दा बढी अर्थात ६४.७८ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

७. **सभाको सभापतित्व र सभा संचालन :**

आजको यस सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापति श्री रोशन के.सी.ज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कार्वाही अगाडि बढ्यो ।



Machhapuchchhre Bank Ltd. Corporate Office

८. **कम्पनी सचिवबाट स्वागत मन्तव्य :**

कम्पनी सचिवले बैंकको यस उन्नाईसौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । साथै, शेयरधनीहरुबाट सदा झै बैंकलाई सहयोग, सद्भाव, सल्लाह प्राप्त भई नै रहने अपेक्षा राख्दै बैंकको यस १९ औं वार्षिक साधारण सभामा सहभागी हुन आउनु भएका शेयरधनी महानुभावहरुलाई बैंकको तर्फवाट आभार प्रकट गर्नुभयो ।

९. **सभाका सभापतिज्यूबाट सञ्चालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :**

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री रोशन के.सी.ज्यूले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको मिति २०७४ आषाढ मसान्तको वासलात, मिति २०७३ श्रावण १ गतेदेखि मिति २०७४ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचिहरु लगायत सभाको छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

१०. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :**

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. श्री डम्मरु बल्लभ घिमिरे**

(क) लगानीकर्ताको आकांक्षा अनुरुप बैंकले बोनस र नगद लाभांस मिलाएर दिएकोमा दुवै हातमा लड्डु पाएको महशुस भएको ।
(ख) बैंकले आगामी बर्षहरुमा समेत यसै अनुरुप प्रगती गर्दै जानेमा विश्वस्त रहेको ।
(ग) बैंकलाई नेपालका उत्कृष्ट पाँच बैंकहरु मध्येमा पर्न शुभकामना व्यक्त गर्दै ग्राहकहरुको सेवा तथा सुविधामा समेत उत्कृष्ट हुनु पर्नेमा जोड दिनु भयो ।
(घ) बैंकमा युवा अध्यक्ष भएकोमा खुसी व्यक्त गर्दै यसले बैंकलाई थप गतिशील बनाउने कुरामा विश्वस्त रहेको ।
(ङ) अन्य बैंकहरुले सहायक कम्पनीहरु खोली कारोबार शुरु गरेको सन्दर्भमा यस बैंकले आफ्नै मर्चेण्ट बैंकिङ्ग कम्पनी खोल्ने सम्बन्धमा के भईरहेको भन्ने जिज्ञासा व्यक्त गर्नु भयो ।
(च) बैंकले Research and Development मा समेत आवश्यक खर्च गर्न आवश्यक रहेको विचार व्यक्त गर्नु भयो ।
(छ) बैंकले अल्पकालिन र दीर्घकालिन पाँच बर्षे योजना तथा रणनीति बनाएर कार्य गर्नु पर्नेमा बैंक व्यवस्थापन र सञ्चालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

**२. प्रा.डा. मनोहर कृष्ण श्रेष्ठ**

(क) बैंकले लामो समय पश्चात नगद लाभांश दिन सकेकोमा खुसी व्यक्त गर्नु भयो ।
(ख) पोखराको नम्बर १ बैंकको रुपमा स्थापित यस बैंकले समग्रमा अन्य बैंकको तुलनामा कम प्रगती भएको महसुश भएको ।
(ग) नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप बैंकले NFRS लागु गर्नु पर्नेमा हालसम्म सो हुन नसकेकोमा चासो व्यक्त गर्नु भयो ।



Machhapuchchhre Bank Ltd. Corporate Office

(घ) बैंकको मुनाफा कोषमा आधारित कारोबारमा अधिक निर्भर रहेको हुँदा गैर कोषमा आधारित कारोकार विशेष ध्यान दिन सुझाव दिनु भयो ।

(ङ) बैंकको मुनाफा बृद्धि भएता पनि Earning Per Share (EPS) अघिल्लो बर्षको तुलानामा बृद्धि नभएकोमा चासो व्यक्त गर्नु भयो ।

## ३. श्री उद्दव प्रसाद घिमिरे

(क) बैंकले बोनस र नगद लाभांसको संतुलन मिलाएर दिएकोमा खुसी व्यक्त गर्नु भयो ।

(ख) बैंकले Young Chairman र Dynamic CEO पाएको हुँदा बैंकले सोही अनुरुप प्रगति गर्नेमा विश्वास व्यक्त गर्नु भयो ।

(ग) देशको पूर्वाधार निर्माणमा बैंकले लगानीको गर्नको लागि Capital Base बढाउनु आवश्यक रहेको हुँदा बैंकको पूँजी बृद्धिसंगै उक्त कार्यमा समेत बैंक सक्षम रहेको महुशसु भयो ।

(घ) बैंकको पूँजी तथा व्यवसाय बृद्धिको लागि अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासंगको मर्जर तथा एक्विजिसनको लागि पहल गर्न समेत सुझाव व्यक्त गर्नु भयो ।

(ङ) बैंकले विशेष योजना तथा कार्यक्रम ल्याएर भएपनि पर्यटन क्षेत्रमा लगानी गरी बैंकको विदेशी मुद्रा (Forex) आयमा बृद्धि गर्नु पर्ने ।

(च) बैंकको बार्षिक प्रतिवेदनमा शेयरधनी तथा सञ्चालकहरुको विवरणमा संस्थापक र सर्वसाधारण शेयरधनी भनि छुट्याएर राख्न सुझाव दिनु भयो ।

(छ) ग्राहकहरुले बैंकबाट शिघ्र र विश्वसनीय रुपमा सेवा प्राप्त गर्न सक्ने गरी व्यवस्था गर्नु पर्ने ।

## ४. श्री युक्त बहादुर सुवेदी

(क) बैंकको केन्द्रीय कार्यालय काठमाडौंमा स्थानान्तरण गर्ने निर्णय भए पश्चात समेत पोखरामा बार्षिक साधारण सभा बोलाईएकोमा खुसी व्यक्त गर्नु भयो ।

(ख) बैंकका सबै Indicators राम्रो देखिएको ।

(ग) बैंकले नगद लाभांश दिएकोमा खुसी व्यक्त गर्दै अन्य समकालिन बैंकहरुको तुलनामा यस बैंकले अझै प्रगती गर्नु पर्नेमा जोड दिनु भयो ।

(घ) बैंकले स्थापना गर्ने भनिएको माछापुच्छ्रे क्यापिटलको सम्बन्धमा के भईरहेको भन्ने जानकारी माग गर्नु भयो ।

(ङ) बैंकको निश्कृय कर्जा अलि बढेकोमा चिन्ता व्यक्त गर्नु भयो ।

(च) बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) निर्वाह गर्ने क्रममा के कस्ता कार्यक्रमहरु गर्ने गरेको छ । साथै, सो सम्बन्धमा आवश्यक योजना बनाएर नै व्यवस्थित रुपमा खर्च गर्नु पर्ने ।

(छ) हाल विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा कम्प्युटर नेटवर्कमा ह्याक गरी ठगी गर्ने क्रम देखिएको हुँदा सोको सम्बन्धमा बैंक सचेत रही मजबुद सुरक्षा प्रणाली अपनाउनु पर्ने ।

(ज) बैंकले अन्य संस्थाहरुको शेयर तथा डिबेन्चरमा गरेको लगानी अत्यन्त कम देखिएको हुँदा त्यस्तो लगानी बढाई बैंकले शेयर, डिबेन्चर तथा कर्जा लगानीका सम्बन्धमा समेत उचित लगानी पोर्टफोलियो बनाउनु पर्ने ।



Machhapuchchhre Bank Ltd. Corporate Office

५. डा. दिपक बहादुर भण्डारी

(क) बैंकले लामो समय पश्चात लाभांश दिएको भएता पनि सो १५ प्रतिशत मात्र दिन सफल भएकोमा चित्त बुझ्दो नभएको ।

(ख) सन् २०१५ मा NFRS लागु भईसक्नु पर्नेमा हालसम्म यस बैंकमा NFRS लागु हुन नसकेको ।

(ग) स्थापनाको १९ बर्ष पुगिसकेको यस बैंकले अन्य समकालिन तथा कतिपय नयाँ बैंकहरुभन्दा समेत पछाडि परेको महशुस भएको ।

(घ) बैंकले Off Balance Sheet कारोबारलाई विशेष महत्व दिएर अगाडि बढ्नु पर्ने ।

(ङ) बैंकले Subsidiary Company कम्पनी खोली बैंकको व्यवसायको क्षेत्र विस्तार गर्नु पर्ने ।

(च) बैंकका शेयरधनी तथा ग्राहकहरुले आफ्ना गुनासा तथा सुझावहरु राख्न बैंकमा उचित प्रबन्ध हुनु पर्ने ।

६. श्री मुक्तीनाथ चालिसे

(क) प्रबन्ध पत्र तथा नियमावली संशोधनमा २ कार्यकाल राख्ने भन्ने व्यवस्थाको सम्बन्धमा स्पष्ट पार्नु पऱ्यो ।

(ख) बैंकको व्यवसाय अनुरुप कर्मचारी रहनु पर्ने हुँदा बैंकमा हाल कर्मचारीको अवस्था के कस्तो रहको र कर्मचारीहरुको कार्य सम्पादनलाई उचित मूल्यांकन हुने व्यवस्था गरी सोको आधारमा पुरस्कार र दण्ड तथा बृत्ति विकासको व्यवस्था हुन पर्ने ।

७. श्री नारायण सुन्दर श्रेष्ठ

(क) शेयरधनीहरुको समस्याको उचित सुनुवाई गर्न प्रभावकारी व्यवस्था हुनु पर्ने ।

(ख) बैंक तथा वित्तीय संस्थाहरुले भोग्नु पर्ने समस्याहरुको सम्बन्धमा बैंकले नेपाल बैंकर्श संघमार्फत पहल गर्नु पर्ने ।

(ग) सवल बैंकको रुपमा स्थापित हुन संस्थागत सुशासनलाई ध्यान दिनु पर्ने ।

(घ) बैंकको क्षमता अभिबृद्धि गर्दै लैजान आवश्यक रणनीति तयार गरी अगाडि बढ्नु पर्ने ।

(ङ) बैंकको नियमावली संशोधनको प्रस्तावमा अध्यक्ष तथा प्रबन्ध संचालकको दुई कार्यकालको व्यवस्थाको उद्देश्य स्पष्ट परिदिन अनुरोध गर्नु भयो ।

८. श्री रोज कुमार श्रेष्ठ

(क) बैंकले प्रस्ताव गरेको नगद लाभांश र बोनस शेयर प्रशंसनीय भएको ।

(ख) आगामी बर्षहरुमा बैंकको मुनाफा तथा बैंकले प्रदान गर्ने लाभांश अझ बढाउँदै लैजानु पर्ने ।

(ग) कुनै खाता ६ महिनासम्म नचलेमा स्वत: म्यचकबलत हुने व्यवस्थाले ग्राहकहरुलाई दु:ख हुने भएको हुँदा साको सम्बन्धमा बैंकले उचित ध्यान पुऱ्याउनु पर्ने ।

९. श्री सन्त बहादुर गुरुङ्ग

(क) बैंकका युवा अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतलाई शुभकामना ।

(ख) बैंकले ठूलो रकम प्रत्यक्ष तथा अप्रत्यक्ष करको रुपमा राष्ट्रलाई बुझाउने तथा संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा ठूलो रकम खर्च गर्ने भएको हुँदा बैंकले राष्ट्रिय दायित्व बोक्ने ।

(ग) देशको पूर्वाधार विकास तथा आर्थिक समृद्धिमा बैंकले निर्वाह गर्ने भूमिकाको ठूलो महत्व हुने हुँदा बैंकले सो तर्फ सजग भई अगाडि बढ्नु पर्ने ।



Machhapuchchhre Bank Ltd. Corporate Office

१०.श्री सूर्य बहादुर के.सी.

(क) बैंकले पूँजी बद्धि गरी रु. आठ अर्ब पुऱ्याउन सफल भएकोमा खुसी व्यक्त ।

(ख) तथापी, नेपाल राष्ट्र बैंकले मर्जर तथा एक्विजिसनलाई विशेष प्राथमिकता मै राखेको देखिएको र सो अपेक्षा अनुरुप हुन नसकेको महसुश भएको हुँदा मर्जर तथा एक्विजिसनको सम्बन्धमा समेत बैंक खुल्ला रहनु पर्ने ।

(ग) यस बैंकको सञ्चालक समितिमा नरहे पनि आफ्नो मनमा संधै माछापुच्छ्रे बैंक रहेको र बैंकको उन्नती र प्रगतिका लागि आफ्नो शुभेक्षा रहेको ।

(घ) बैंकले आफ्ना शेयरधनीहरुको भावनालाई सदैव सम्बोधन गर्न सक्नु पर्ने ।

(ङ) बैंकले पन्ध्र प्रतिशतको लाभांश वितरण गरेकोमा धन्यवाद दिँदै सो अझ पनि अपेक्षा अनुरुप हुन नसकेकोले सोलाई बृद्धि गर्दै लैजानु पर्ने ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृतले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले आर्थिक वर्ष २०७३/७४ को वित्तीय विवरण तथा बैंकको कृयाकलापका सम्बन्धमा सुक्ष्म विश्लेषण गरेर दिनुभएका महत्वपूर्ण एवं सकारात्मक सुझाव तथा सल्लाहका लागि धन्यवाद ज्ञापन गर्दै बैंक सञ्चालनका सम्बन्धमा शेयरधनीहरुले दिनु भएका सम्पूर्ण राम्रा सुझावहरुलाई बैंकले लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो । साथै, शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

(क) बैंकको हालको पोर्टफोलियो रु. ११० अर्ब भन्दा बढी रहेको, जसमा निक्षेप रु. ६५ अर्ब र कर्जा करिब रु. ५७ अर्ब रहेको छ ।

(ख) बैंकले प्रथम त्रैमासमा खुद मुनाफा गत आ.व को सोही अवधिको तुलनामा झन्डै १४ प्रतिशतले बृद्धि भई रू. २८ करोड कमाएको छ ।

(ग) बैंकको खराब कर्जा गत वर्ष/त्रैमासमा ०.३८ प्रतिशत रहेकोमा कर्जा नोक्सानी व्यवस्था केही बढेको हुनाले हाल ०.४५ प्रतिशत रहेको छ । उक्त नोक्सानी व्यवस्थाको अनुपात Industry को तुलनामा नराम्रो नभएता पनि खराब कर्जालाई कम गर्दै लैजान बैंक सचेत रहेको छ ।

(घ) बैंकका ६२ वटा पूर्ण शाखा, ४ एक्टेन्सन काउन्टर, ७ शाखा रहित बैंकिङ्ग मार्फत सातै प्रदेशमा बैंकको उपस्थिति विद्यमान रहेको छ । आगामी दिनमा बैंकले थप २७ शाखा विस्तार गर्ने निर्णय भई प्रकृया अगाडि बढाईएको छ। जसमध्ये १६ वटा शाखा सरकारी अवधारणा मुताविक आगामी विभिन्न स्थानीय तहमा विस्तार गरिने र बाँकी शाखाहरु बैंकको योजना अनुरुप विस्तार गरिने छ ।

(ङ) हाल कर्मचारी संख्या ८५० को हाराहारी रहको छ । बैंकको व्यवसाय विस्तारसँगै करिब एक हजारको हाराहारीमा कर्मचारी रहने छन् । बैंकको ग्रोथलाई अझ अभिबृद्धि गर्दै जाने र सोही अनुरुप कर्मचारीको दक्षता अभिबृद्धिमा समेत बैंक केन्द्रित रहेको छ ।

(च) बैंकमा करिब पाँच लाख पचास हजार ग्राहक संख्या रहेको छ । कर्जा लगानीमा कर्पोरेट तर्फ ३० प्रतिशत र बाँकी अन्य विभिन्न क्षेत्रमा लगानी रहेको हुँदा बैंकको कर्जा लगानीमा विविधता रहेको छ ।

(छ) बैंकले २९ शाखाबाट सोझै तथा युके फण्ड सक्षम जस्ता संस्थासंग मिलेर प्रत्यक्ष रुपमा समेत विपन्न वर्ग कर्जा तर्फ लगानी गरेको छ ।



Machhapuchchhre Bank Ltd. Corporate Office

(ज) बैंकमा साना निक्षेपकर्ता तथा बचत प्रकृतिका निक्षेप धेरै रहेको छ । बैंकले विभिन्न संघ सस्थालाई तलब व्यवस्थापनको सुविधा उपलब्ध गराएको छ । भुकम्प पिडितलाई बैंक मार्फत राहत वितरणलाई प्राथमिता दिएको लगायत सेवामुखी व्यवसायलाई प्राथमिकता दिएको छ ।

(झ) बैंकले कम्प्लायन्स तर्फ शून्य सहनसिलताको नीति लिएको हुँदा यस तर्फ बैंक सदा सचेत रहेको छ ।

(ञ) नयाँ राजनैनिक विकासक्रमसंगै विकास निमार्णका कार्यमा पनि तिव्रता देखा पर्ने र बैंकले यसलाई अवसरको रुपमा लिई आवश्यक लगानी विस्तार गर्ने तथा बैंकले सो अनुरुप आवश्यक पूर्वाधार तथा जनशक्ती व्यवस्थापन गर्दै आएको छ ।

(ट) बैंकले फाइनान्सियल टेक्नोलोजी र जनशक्ति व्यवस्थापनलाई खर्च भन्दा पनि लगानीको रुपमा अगाडी बढाएको छ ।

(ठ) बैंकले सहायक कम्पनीको रुपमा माछापुच्छ्रे क्यापिटल सञ्चालन गर्ने प्रक्रिया अगाडी बढाई सकिएको छ ।

(ड) सेवा क्षेत्रलाई विस्तार गरी फि इन्कमलाई बृद्धि गर्ने सम्बन्धमा बैंकले विभिन्न प्रोडक्टहरु बजारमा ल्याई फिईन्कम बृद्धिमा विशेष ध्यान दिएको छ । यसैक्रममा बैंकले विप्रेषण कारोबार, सून कारोबार लगायत अन्य कारोबारलाई प्राथमिकतामा राखेको छ ।

(ढ) बैंकले तोकिएको एकाउण्टेट स्टयाण्डर्डलाई पालना गरी आएको र सो तर्फ बैंक सचेत रहेको छ ।

(ण) पूँजीको हिसाबले मर्जर अपरिहार्य नरहेको भएतापनि राम्रो सम्भावना देखिएमा बैंकलाई मर्जरमा जान बैंक खुल्ला रहेको छ ।

(त) प्रति शेयर आम्दानी (EPS) को गणना (Calculation) गर्दा उक्त आर्थिक वर्षमा जारी भएको शेयर संख्या सहित सबै शेयर धारण अवधिका आधारमा Weightage Average शेयर संख्या निर्धारण गरेर उक्त अवधिमा कमाइएको खुद मुनाफालाई भाग गरी EPS निकाल्नु पर्ने नेपाल लेखामान (Nepal Accounting Standard) को मापदण्ड अनुसार नै EPS गणना गरिएको हो ।

(थ) बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ मा बैंकका कार्यकारी अध्यक्ष तथा प्रबन्ध सञ्चालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्ने व्यवस्था भएको हुँदा सोही अनुरुप बैकको नियमावलीमा समेत संशोधनको प्रस्तावमा पेश गरिएको हो ।

(द) बैंकले सम्बन्धित पक्षको गुनासो र सुझावलाई अझ प्रभावकारी रुपमा सम्बोधन गरी बैंकको सेवामा प्रभावकारीता ल्याउन उचित प्रबन्ध मिलाईने छ ।

(ध) बैंकको विभिन्न वित्तीय सुचांकहरुलाई पाँच बर्षे रणनीतिक योजना अनुसार कम्तीमा पनि दोब्बर बनाउने प्रतिबद्ध रहेको छ ।

(न) बैंकलाई यति नम्बरको बैंक बनाउने भन्दा पनि सबल, उत्कृष्ट एवं विस्तारित भन्ने बैंकको नारा अनुरुप बैंकलाई अझ चुस्त दुरुस्त बनाउने लक्ष्य साथ आगडि बडाईने छ ।



Machhapuchchhre Bank Ltd. Corporate Office

११. सभाको निर्णय :

(क) सामान्य प्रस्ताव तर्फ :

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७३/७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७३/७४ को नाफा नोक्सान हिसाब र सोही अवधीको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७४/७५ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखापरिक्षण समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) मा भएको व्यवस्था एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ उपदफा (ङ) मा भएको व्यवस्था बमोजिम तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्नु पर्ने सम्बन्धमा लेखा परिक्षण समितिबाट माग भए अनुसार बैंकमा प्राप्त भएका प्रस्तावहरुको प्राविधिक मूल्याँकनका आधारमा अध्ययन गर्दा बैंकिङ्ग क्षेत्रमा लेखापरिक्षण गरेको अनुभव, सो लेखापरिक्षण फर्ममा कार्यरत साझेदार FCA हरुको संख्या, उक्त अडिट फर्मको अन्तराष्ट्रिय अडिट फर्मसंगको सम्बन्धन, कर्मचारीहरुको संख्या, योग्यता र अनुभव आदि समेतको आधारमा सिफारिस भएका तीनवटा फर्महरु M/S G.P Rajbahak & Co., M/S KB Chitrakar & Company र M/S CSC & Co. मध्येबाट लेखापरीक्षण शुल्क लगायत Tax Audit, Long Form Audit Report (LFAR), कम्पनी ऐन, २०६३ को दफा ७८ को प्रतिवेदन प्रमाणीकरण तथा वास्तविक बिल अनुसार भुक्तानी गर्ने गरी अन्य विविध खर्च समेतको सिमा लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरुको लागि कूल लेखापरीक्षण शुल्क भ्याट वाहेक रु. १४ लाख मात्र पारिश्रमिक दिने गरी लेखापरिक्षक नियुक्ति गर्न सभापतिज्यूको अनुमतिले लेखापरिक्षण समितिको तर्फबाट लेखापरिक्षण समितिका संयोजक श्री गोपीकृष्ण न्यौपानेज्यूले बार्षिक साधारण सभामा पेश गर्नु भयो ।

उल्लेखित प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा फर्महरुले प्रस्ताव गरेको पारिश्रमिक तथा अन्तर्राष्ट्रिय अडिट फर्मसँगको सम्बन्धन समेतका आधारमा मूल्यांकन गर्दा M/S G.P. Rajbahak & Co. ले उत्कृष्ट अंक प्राप्त गरेको देखिएको हुँदा सोही फर्म अर्थात M/S G.P. Rajbahak & Co. लाई प्रस्ताव बमोजिम कूल लेखापरीक्षण शुल्क भ्याट वाहेक रु. १४ लाख मात्र पारिश्रमिक दिने गरी लेखापरिक्षक नियुक्ति गर्न सर्वसम्मतिबाट पारित गरियो ।

४. प्रस्ताव नं. ४ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित रु. ४४ करोड ३४ लाख ३२ हजार ६ सय चालीस (अर्थात चुक्ता पूँजीको ६ प्रतिशतका दरले) नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।



Machhapuchchhre Bank Ltd. Corporate Office

**(ख) विशेष प्रस्ताव तर्फ :**

१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ६६,५१,४९,०००.०० (अर्थात चुक्ता पूँजीको ९.०० प्रतिशतका दरले) वोनस शेयर वितरण गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं. २ बमोजिम बैंकले आर्थिक वर्ष २०७३/७४ मा आर्थिक सहायता प्रदान गर्दा कम्पनी एने, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले ताकेको सिमा नाघको हुँदा सो अन्तर्गत भएको खर्च रु. ११,६९,४३७.४९ अनुमोदन गरियोस भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरियो ।

३. विशेष प्रस्ताव नं. ३ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्तावका सम्बन्धमा प्रबन्धपत्रको दफाहरु ४(कच), ४(कछ), ५(ख) र ५(ग) तथा नियमावलीको नियम ८(३) मा निम्न बमोजिम थप/संशोधन गर्ने र उक्त थप/संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्धपत्रतर्फ :**

दफा ४ : बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :

(कच) प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार नियमनकारी निकायको स्वीकृति लिई बैंकले आफैं वा कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासंग संयुक्त लगानीमा वा सञ्चालनमा रहेको कुनै कम्पनीको पूरै वा आंशिक शेयर खरिद गरी वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेन्चर क्यापिटल/प्राईभेट ईक्विटी/ हेज फण्ड, क्रेडिट रेटिङ्ग, धितोपत्र दलाल (स्टक ब्रोकर), धितोपत्र बजार (स्टक एक्स्चेञ्ज), मर्चेण्ट बैंकिङ्ग, वित्तिय प्रविधि (फिन्टेक) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने ।

(कछ) बैंक तथा अन्य प्रतिष्ठानहरुका कामदार/ कर्मचारीहरुको कल्याण र हित तथा सो सम्बन्धी कामको लागि संचय कोष, उपदान कोष, निवृत्तिभरण कोष र अन्य आवश्यक वा उपयुक्त कोषहरुको स्थापना तथा व्यवस्थापन गर्ने । साथै त्यस्तो कोषको व्यवस्थाका लागि आवश्यक सहजता प्रदान गर्ने ।

दफा ५ : बैंकको पूंजीको संरचना :

(ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रू.८,०५,५६,९३,०००/– (अक्षेरुपी आठ अर्ब पाँच करोड छपन्न लाख त्रीयानब्बे हजार मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ८,०५,५६,९३० (आठ करोड पाँच लाख छपन्न हजार नौ सय तीस थान) साधारण शेयरमा विभाजित गरिएको छ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रू.८,०५,५६,९३,०००/– (अक्षेरुपी आठ अर्ब पाँच करोड छपन्न लाख त्रीयानब्बे हजार मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ८,०५,५६,९३० (आठ करोड पाँच लाख छपन्न हजार नौ सय तीस थान) साधारण शेयरमा विभाजित गरिएकोछ ।



Machhapuchchhre Bank Ltd. Corporate Office

**नियमावलीतर्फ :**

दफा ८ : सञ्चालकको संख्या र कार्यकाल :

(३) सञ्चालकहरुको कार्यकाल चार वर्षको हुनेछ । तर, सञ्चालक समितिका कार्यकारी अध्यक्ष तथा प्रबन्ध सञ्चालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ ।

तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

**१२. सभापतिज्यूबाट सभाको विषर्जन :**

सभाको अन्त्यमा सभापतिज्यूले यस उन्नाईसौं बार्षिक साधारण सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेका सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्तिबाट पारित भएको घोषणा गर्नु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरीदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्स्चेञ्ज प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाको उच्च प्रशंसा गर्दै आजको यो उन्नाईसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

Machhapuchchhre Bank Ltd. Corporate Office

.................
टिका भट्टराई
कम्पनी सचिव

.................
रोशन के.सी.
सभाका सभापति/ अध्यक्ष